**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक १३ गते बिहीबार ❑ 30 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## सरकारी अस्पतालका नर्स पनि आन्दोलनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक



करिब एक महिना अघिदेखि पोखरामा निजि अस्पतालबाट सुरु भएको स्टार्फ नर्सहरुको आन्दोलन हाल सरकारी संस्थामा कार्यरत स्टार्फ नर्स समेत आन्दोलनमा उर्त्रिएका छन् ।

नेपाल नर्सिङ संघको केन्द्रीय निर्देशन अनुसार बुधबारदेखि बिहान १० देखि १२ बजेसम्म 'पेन डाउन' गर्दै काम नगरी आफुहरु आन्दोलनमा उर्त्रिएको नेपाल नर्सिङ संघ जिल्ला कार्यसमिति कास्कीकी सचिव सारदा शर्माले बताउनुभयो ।

संघले कार्तिक २ देखि चरणबद्ध आन्दोलनको कार्यक्रम घोषणा गरे पनि सरकारले आफुहरुको तलव भक्ता तथा सेवा सुविधा बढाउनु पर्ने मागको बिषयमा कुनै सुनुवाई नभएकोले आन्दोलनमा उर्त्रिनु परेको शर्माले जनाउनु भयो । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) मा कार्यरत करिब ३ सय भन्दा बढी स्टाफ नर्स पनि आन्दोलनमा उर्त्रिनु भएको उहाँले दाबी गर्नुभयो । सचिव शर्माले भन्नुभयो, "हामीले लाखौं खर्चेर अध्ययन गरेर यो पेशामा आएका हौं, तर अहिले न्यूनतम पारिश्रमिक पाउन पनि मुस्किल छ, उचित तलब र सुविधा बिना गुणस्तरीय सेवा सम्भव छैन ।" अस्पतालको बाहिर नर्सहरूको नाराबाजी भइरहेका बेला अस्पताल भित्र सेवाग्राहीहरूको लामो लाइन लागेका कारण सेवामा अवरोध भएको छ। ठुलो सपना देखेर सकि नसकी नर्सिङ कोर्ष पूरा गरी हाल नेपालमा काम गर्ने वातावरण नहुदा नर्सहरु विदेशी जानुको अब विकल्प नभएको सच्च पौडेलको भनाइ छ । पोखराको नीजि अस्पताल मणिपाल शिक्षण र जिएमसीमा स्टाफ नर्सको आन्दोलन जारी रहेको छ । पोखराका निजी अस्पतालहरूले स्वास्थ्य मन्त्रालयले तोकेको पारिश्रमिक लागू गर्न नसक्ने दाबी गरेका छन् ।

एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपाल (अफिन) गण्डकीले केही समय अघि स्वास्थ्य मन्त्रालयले तोकेको दरमा स्टार्फ नर्सलाई पारिश्रमिक दिन असम्भव रहेको जनाएका थिए। नर्सहरूले मन्त्रालयले तोकेको ३४ हजार ५ सय रुपैयाँ मासिक पारिश्रमिक लागू गर्न माग गर्दै सेवा बहिष्कार गरिरहेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाँचौं तहका स्वास्थ्यकर्मीका लागि न्यूनतम ३४ हजार ५ सय रुपैयाँ तलब तोकेर कार्यान्वयनका लागि निर्देशन दिएको छ। मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले सबै सरकारी, सामुदायिक, मेडिकल कलेज र निजी अस्पताललाई परिपत्र गर्दै उक्त पारिश्रमिक र सुविधा "नेपाल सरकार सरह नघट्ने गरी लागू गर्न" निर्देशन दिएको छ।

## अन्नपूर्ण आधार शिविरबाट फर्कन थाले पर्यटक

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

वर्षा र हिमपात रोकिएपछि अन्नपूर्ण आधार शिविर क्षेत्र देखि पर्यटक फर्कन थालेका छन् ।

सोमबार रातिदेखिको वर्षा र हिमपातका कारण म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा पर्ने मौरिस हर्जोग पदमार्ग भएर आधार शिविर पदयात्रामा गएका पर्यटक बीच बाटोबाटै फर्कन थालेका हुन् ।

अन्नपूर्ण आधार शिविर घुम्न जानुभएकी म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बेगकी टीका पुर्जा पुनले हिउँ परेपछि मङ्गलबार दिनभर भुसकेतको आश्रयस्थलमा बसेको र बुधबार पञ्चकुण्ड तालसम्म पुगेर फर्किएको बताउनुभयो । "पञ्चकुण्ड तालदेखि आधार शिविर जाने पदमार्गमा हिउँ जमेकाले जान सकेनौं", उहाँले भन्नुभयो, "मौसममा सुधार भएपछि पैदलयात्रा गरेर हुमखोला आएका छौं ।" आधार शिविरबाट हिँडेर आएकाहरूलाई हुमखोलाबाट नारच्याङ झर्ने सवारीसाधनको अभाव भएको छ। उक्त पदमार्गमा करिब १५० जना पर्यटक हिमपात र वर्षात्का कारण मङ्गलबार रोकिएका थिए । यही कात्तिक १४ गतेसम्मका लागि अन्नपूर्ण आधार शिविर पदयात्रामा रोक लगाइएको प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले बताउनुभयो । आधार शिविर गएका पर्यटकको सहजीकरणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र स्थानीय उद्धारकर्मी इन्द्रसिंह शेरचनको टोली अन्नपूर्ण गाउँपालिकासँग समन्वय गरेर आधार शिविरतर्फ लागेको छ । जिल्ला प्रहरीका प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जिल्लाका पर्यटकीय स्थलहरुमा गएका पर्यटकहरू हालसम्म सुरक्षित रहेका जानकारी दिनुभयो ।

यसैगरी म्याग्दीको मुदी हुँदै धौलागिरि चक्रीय पदमार्ग भएर मुस्ताङको मार्फा जाने क्रममा रोकिएका तीन जना बेलायती र १२ नेपाली शेर्पा तथा पथप्रदर्शकको उद्धारका लागि जोमसोमबाट सुरक्षाकर्मी टोली गएको जनाइएको छ।

## एक साताका लागि रोकियो मनाङ पदयात्रा

**पोखरापत्र संवाददाता**
मनाङ, १२ कार्तिक

जिल्ला प्रशासन कार्यालयले अन्नपूर्ण पदमार्गअन्तर्गत मनाङको पदयात्रामा एक साताका लागि रोक लगाएको छ।

हिमपात रोकिए पनि हिमपहिरो आउन सक्ने जोखिम रहेकाले एक सातासम्म पदयात्रामा नजान प्रशासनले पदयात्रीलाई आह्वान गरेको हो । हिउँले भरिएको सडक खुलाइएपछि अन्नपूर्ण संरक्षण क्षेत्रको पदयात्रामा गएका पर्यटकहरु फर्किन सहज भएको प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले जानकारी दिनुभयो ।

"सोमबार रातिदेखिको हिमपातले अवरुद्ध सडक डोजर लगाएर हिउँ पन्छ्याएपछि खुलेको छ। खाङ्सारसम्मकै बाटो खुलेको छ । पदयात्रा भने अझै खुलेको छैन", उहाँले भन्नुभयो, "हिउँ र पानी पर्न बन्द भए पनि पदयात्रा अहिल्यै सम्भव छैन ।"

करिब एक हजार ५०० आन्तरिक तथा बाह्य पर्यटकको मङ्गलबार उद्धार गरिएको थियो । त्यसमध्ये करिब २०० विदेशी पर्यटक रहेका थिए। हिमपातका कारण तिलिचो आधारशिविरमा रोकिएका करिब ४०० पर्यटक तिलिचो जान नसकेपछि फर्केका थिए।

## सरकार, राजनीतिक दल र जेनजी समूहहरूबीच निरन्तर छलफल हुनुपर्छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १२ कार्तिक

प्रधानमन्त्री सुशीला कार्कीले सरकार, राजनीतिक दल र जेनजी समूहहरूबीच निरन्तर छलफल र विचार आदानप्रदान हुनुपर्ने बताउनभएको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा मंगलबार भएको त्रिपक्षीय छलफलमा प्रधानमन्त्री कार्कीले नेपालको समस्या सबै नेपाली मिलेर सामना गर्नुपर्ने भएकाले आपसमा पर्याप्त छलफल गर्न सहभागीलाई आग्रह गर्नुभयो । प्रधानमन्त्रीको सचिवालयका अनुसार प्रधानमन्त्री कार्कीले संवादको सुरुआतमा भन्नुभयो, "सबै विचारको आदानप्रदान गरौं । मुलुक हाम्रो हो, हामीले नै बनाउने हो, हामीले नबनाए कसैले बनाइदिँदैन । एकपटकको कुराकानीले हुँदैन, बारम्बार हुनुपर्छ । हामीले सुरुआत गरेका छौं र यसलाई निरन्तरता दिऔं ।" निर्वाचनको माहोल बनाउन यस प्रकारको पहिलो र महत्वपूर्ण छलफल प्रधानमन्त्री कार्कीले राख्नुभएको हो । छलफलमा सहभागी जेनजी समूहका प्रतिनिधिले चुनाव चाहिएको छ, गर्नुपर्छ तर चुनाव चुनाव भनेर मात्र नहुने तर्क गर्दै आन्दोलनको मुख्य माग सुशासन भएकाले भ्रष्टाचारविरुद्धको कारबाहीको काममा सरकारले उत्तिकै ध्यान दिनुपर्नेमा जोड दिनुभएको थियो। छलफल उठेका विषयवस्तु र निचोडबारे सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले प्रेस ब्रिफिङ गर्नुहुनेछ।

बैठकमा सरकारकोतर्फबाट गृहमन्त्री ओमप्रकाश अर्याल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री डा महावीर पुन र सञ्चार, सूचना तथा प्रविधिमन्त्री जगदीश खरेल, दलका नेताहरू नारायणकाजी श्रेष्ठ, वर्षमान पुन, माधव सापकोटा, प्रकाश अधिकारी, दीपक कार्की, प्रकाश ज्वाला, राजेन्द्र पाण्डे, मोहन श्रेष्ठ, राजेन्द्र गुरुङ, निशा डाँगी, स्वर्णिम वाग्ले, महेश बर्तौला, क्षितिज थेबे, वसन्त कुशवाह, प्रकाशशरण महत र जेनजीको तर्फबाट मिराज ढुङ्गाना, विवेक दाहाल, जेम्स कार्की, अमीत खनाल र राजन रानामगरको सहभागिता रहेको छ।


**भद्रकाली बहुमुखी क्याम्पस**
**कुँडहर, पोखरा-१३**

**साधारण सभा हुने बारेको सूचना**

प्रकाशित मितिः २०८२/०७/१३

यस भद्रकाली बहुमुखी क्याम्पस, पोखरा-१३, कुँडहरको क्याम्पस संचालन समितिको मिति २०८२ असोज १ गतेको नियमित बैठकको निर्णयअनुसार यस क्याम्पसको **पाँचौं अधिवेशनसहितको वार्षिक साधारण सभा–२०८२**, निम्नलिखित मिति, समय र स्थानमा सम्पन्न हुन गइरहेको व्यहोरा क्याम्पसका आदरणीय सिनेटर सदस्यहरुलगायत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**मिति** : २०८२ कार्तिक २९ गते शनिवार
**समय** : बिहान ८.०० बजे (बिहानको खानाको प्रबन्ध गरिएको)
**स्थान** : क्याम्पस प्राङ्गण, भद्रकाली बहुमुखी क्याम्पस।

**विषयहरु**
१. अध्यक्षको वार्षिक प्रगति प्रतिवेदनमाथि छलफल र अनुमोदन
२. गत तीन आ.व.को आय-व्ययसहितको क्याम्पस प्रमुखको प्रतिवेदनमाथि छलफल र अनुमोदन
३. विगत ३ वर्ष यता क्याम्पस संचालक समितिले गरेका महत्वपूर्ण निर्णयहरुको अनुमोदन
४. नयाँ कार्यसमितिको निर्वाचन ।

**माधवप्रसाद सिग्देल**
**अध्यक्ष**
**क्याम्पस संचालन समिति**
**भद्रकाली बहुमुखी क्याम्पस**


## पर्यटकको उद्धार गर्न सवारीसाधन अभाव

**पोखरापत्र संवाददाता**
मनाङ, १२ कार्तिक

भारी हिमपातपछि मनाङको जनजीवन प्रभावित बनेको छ । हिउँमा फसेका पर्यटकको उद्धारमा बिहानैदेखि सुरक्षा निकाय प्रयासरत छन् तर सवार 'साधनको अभावमा उनीहरूलाई सकस भएको छ।

प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले हिउँमा


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दश दिनमा ४० हजारभन्दा बढी पर्यटक मुस्ताङमा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

कात्तिक सुरु भएको १० दिनमा मुस्ताङमा ४० हजारभन्दा बढी पर्यटकले भ्रमण गरेका छन्।

राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकमार्ग हुँदै कात्तिक १ गतेदेखि १० गतेसम्म ३७ हजार १४६ जना आन्तरिक र तीन हजार ७३२ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ। मुस्ताङमा सो अवधिमा बेनी-जोमसोम सडकमार्ग हुँदै बस, जीप, कार, भ्यान र मोटरसाइकल गरी ११ हजार ८०८ वटा सवारीसाधन भित्रिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाले जानकारी दिनुभयो।

कात्तिक १० गते म्याग्दी हुँदै मुस्ताङ भित्रिएका चार हजार ५९८ पर्यटकमध्ये कतिपयको मुक्तिनाथ दर्शन यात्रा हिमपातका कारण असहज बनाइदिएको छ । सोमबार रातिदेखिनै मुस्ताङमा वर्षा र हिमपात भएसँगै यहाँका आएका पर्यटक समस्यामा परेका हुन् । कागबेनी-मुक्तिनाथ सडकखण्ड र मुक्तिनाथ बसपार्कदेखि मुक्तिनाथ मन्दिरसम्मको पैदलमार्गमा बाक्लो हिमपात भएका कारण यहाँ आएका तीर्थालुहरू समस्यामा परेका मुक्तिनाथ मन्दिर विकास समितिका कर्मचारी रविन सुवेदीले बताउनुभयो । मुक्तिनाथ क्षेत्रमा भारी हिमपात भएकाले चिसो अत्यधिक बढेको छ। मुक्तिनाथ स्नानकुण्ड र १०८ धारा जमेका कारण भक्तजनलाई धार्मिक कार्यमा बाधा पुगेको सुवेदीको भनाइ छ। चालु वर्षको साउनदेखि कात्तिक १० गतेसम्ममा एक लाख ५९ हजार ४६७ जना पर्यटक बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङ भित्रिएका छन्।



सडकको हिउँ पन्छाउँदै सशस्त्र प्रहरी :
मनाङमा सोमबारदेखि परेको हिमपातका कारण बेसिसहर-खाङसार सडकखण्ड अन्तर्गत मनाङ डिस्याङ-६ स्थित मनाङगाउँमा अवरुद्ध भएको सडक सञ्चालनका लागि हिउँ पन्छाउँदै शसस्त्र प्रहरी बलको पर्वतीय उद्धार शिक्षालयको टोली। तस्बिर : नवीन लामिछाने / रासस

# मुस्ताङमा हिमपात र चिसोबाट प्रभावित पर्यटकको उपचारमा सशस्त्रको टोली

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

मुस्ताङ भ्रमणमा पुगेका आन्तरिक पर्यटक अविरल हिमपातबाट प्रभावित बनेपछि उनीहरूको स्वास्थ्योपचारका लागि सशस्त्र प्रहरी बलको टोली खटिएको छ।

बुधबार बिहानैदेखि सशस्त्रको टोलीले मुक्तिनाथ मन्दिर प्रवेशद्वारमा स्वास्थ्य शिविर सञ्चालन गरी करिब दुई सय ५० जनाको स्वास्थ्य परीक्षण र औषधि वितरण गरेको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो।

स्वास्थ्य शिविरमा सशस्त्र प्रहरी बल, नेपाल नं ३३ गुल्मको टोली खटिएको थियो । त्यस क्षेत्रमा हिमपात भएको र एक्कासी चिसो बढेका कारण धैरै पर्यटकमा टाउको दुख्ने, वाकवाकी लाग्ने तथा श्वासप्रश्वासमा समस्या देखिएको छ। उनीहरूको समस्या पहिचान गरी सामान्य प्राथमिक उपचारसमेत गरिएको सशस्त्र प्रहरीले जनाएको छ । यसैबीच सशस्त्र प्रहरीले मुक्तिनाथ मन्दिर जाने बाटो र मन्दिर परिसरको हिउँ पन्छाएर पर्यटकलाई सहजीकरण गरेको छ । हिउँ पन्छाउनका लागि आज बिहानैदेखि सशस्त्र प्रहरीको टोली परिचालित भएका छन् । बाटोमा जमेको हिउँ पन्छाएपछि मुक्तिनाथ दर्शनमा सहजता भएको जनाइएको छ।

# पार्टी विभाजनको औचित्य पुष्टि भएको छ : अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, १२ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को केन्द्रीय कमिटीको तेस्रो बैठक बुधबारदेखि सुरु भएको छ।

बैठकको आरम्भ गर्दै पार्टी अध्यक्ष माधवकुमार नेपालले मेचीदेखि महाकालीसम्मका जनतासँग गरिएको भेटघाट र छलफलका क्रममा प्राप्त समस्या र गुनासा सम्बोधन नगरिदिँदा मुलुकमा जेनजी समूहको आन्दोलन र नयाँ परिस्थिति उत्पन्न भएको बताउनुभयो । उहाँले नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट आफूहरू अलग भएपछि चार वर्षको अवधिमा भएका कामले पार्टी विभाजनको औचित्य पुष्टि भएको जिकिर गर्नुभयो । सो पार्टीका सम्मानित नेता झलनाथ खनालले विभाजनको औचित्य पुष्टि नहुँदै कुनै अर्को दलसँग एकतामा जाने प्रस्ताव आएको विषयमा गम्भीर छलफल हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । पार्टी महासचिव घनश्याम भुसालले विभिन्न पार्टीसँग भएका वार्ता र एकता कार्यदलको प्रतिवेदन बैठकमा पेस हुने जानकारी दिनुभयो । बैठकमा जेनजी आन्दोलन, नयाँ सरकार गठनपछिको अवस्थाको समीक्षा र पार्टी एकतालगायत विषयमा छलफल हुने जनाइएको छ।

# प्रतिनिधिसभा विघटनविरुद्ध रिटमा सर्वोच्चले दिएन अन्तरिम आदेश

**रासस**
काठमाडौं, १२ कार्तिक

सुशीला कार्कीको नेतृत्वमा सरकार गठन र उहाँको सिफारिसमा भएको प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ।

निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तुसमेत रिट निवेदनको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने प्रकृतिको देखिँदा हाल निवेदनको माग दाबीबमोजिम अन्तरिम आदेश जारी गरिरहनु नपर्ने आदेशमा भनिएको छ । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीशहरू सपना प्रधानमल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र डा मनोजकुमार शर्माको संवैधानिक इजलासले त्यस्तो आदेश दिएको हो। प्रतिनिधिसभा विघटनविरुद्ध परेका रिट निवेदनमा सातदिनभित्र लिखित जवाफ मागसमेत गरिएको छ।

आदेशमा भनिएको छ, "आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक ७ (सात) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा लिखित जवाफ पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु।" अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गत भदौ २७ प्रतिनिधिसभा विघटन गर्नुभएको थियो । अन्तरिम सरकारका प्रधानमन्त्रीको नियुक्ति बदर, संसद् विघटन बदर एवं संसद् पुनःस्थापना गर्न परमादेशको माग गर्दै सर्वोच्च अदालतमा १६ वटा रिट निवेदन दायर भएको थियो। रिट निवेदन पेस गर्नेमा अधिवक्ता डा प्रेमराज सिलवाल, युवराज पौडेल, अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलसमेत, आयुष बडाल, मकबुल मियाँ, अधिवक्ता खड्कबहादुर शाह, डम्बरप्रसाद शिवाकोटी, अधिवक्ता दलबहादुर धामी, प्रकाश भुजेल र विपिन ढकाल, अधिवक्ता आभास पोखरेल, ओमप्रकाश जङ्ग शाह, अधिवक्ता विमल पोखरेल, अधिवक्ता डा पुण्यप्रसाद खतिवडा र अधिवक्ता शेरबहादुर रोकाया रहनुभएको थियो । बुधबार रिट निवेदनका तर्फबाट बहस भएको थियो । रिट निवेदक डा प्रेमराज सिलवाल, आयुष बडाल, वरिष्ठ अधिवक्ता तथा नेपाल बार एशोसिएसनका पूर्वअध्यक्ष गोपलाकृष्ण घिमिरे, वरिष्ठ अधिवक्ता शेरबहादुर केसी, टीकाराम भट्टराई, डा सुरेन्द्र केसी, अधिवक्ताहरू खम्मबहादुर खाती, कृतिनाथ भट्टराई, शिव यादव, विकास भट्टराई, अनन्तराज लुइँटेललगायत बहस गर्नुभएको थियो । गत भदौ २४ गते सर्वोच्च अदालतको मूल भवन आगजनीका कारण पूर्ण रूपमा नष्ट भएपछि आजदेखि एनेक्स भवनको संवैधानिक इजलासमा उक्त रिट निवेदनको सुनुवाइ भएको हो।


## जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,

- पारिवारिक कलह, झै–झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरू कुलतमा फस्न सक्छन्,
- सामाजिक प्रतिष्ठामा आँच आउछ,

जुवातास खेल्नु/खेलाउनु कानून विपरीत भएकोले नखेलौं/नखेलाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


## पर्यटकको ...

फसेका पर्यटकको उद्धारमा सवारीसाधनको अभाव भएको जानकारी दिनुभयो । "फसेका पर्यटकको उद्धार गरिरहेका छौं । हिउँमा सवारीसाधन पनि फसेकाले सकस भएको छ । अन्य सवारीसाधनको अभाव छ", उहाँले भन्नुभयो।

तिलिचो आधार शिविरमा अलपत्र पर्यटकलाई उद्धार गरिएको र खाङ्सारमा अन्य व्यवस्थापन गरिएको उहाँले बताउनुभयो।

पच्चिस किलोमिटर सडकबाट हिउँ फालेर आवागमन सहज बनाइएको पनि उहाँले जानकारी दिनुभयो।

केही पर्यटकलाई घरबास तथा केहीलाई निजी घरमा व्यवस्थापन गरिएको स्थानीय पर्यटन व्यवसायीले बताएका छन् । उनीहरूका अनुसार सबै विदेशी पर्यटक सुरक्षित छन्।

# अनुशासनका नाममा उठेका हात ममतामा समर्पित

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक




छोराछोरी साना हुँदा । अभिभावकले भनेको नमान्नु । एकपटक होइन धेरै पटक भनेको नमानेपछि आमाले नै हात उठाउन वाध्य हुन्छिन्।

कहिल्यै सोचेकी थिइनन्, आफ्नै हातले दिएको चोट एकदिन उनको मनमा यति गहिरो चोट बन्नेछ। छोरा सानो थियो, भनेको नमान्दा र गल्ती गर्दा हात उठाउँथिन्। "पढ्दैनस्, सुन्दैनस" भन्ने कारणले उनले कहिल्यै सम्झाइभन्दा अघि पिटाइलाई प्राथमिकता दिइन् । तर समयले धेरै कुरा सिकाउँछ । अब छोराले पनि छोरी पाइसकेका छन्। नातिनीलाई छोराले दिएको माया उता हजुरबाले नातिनीलाई पनि देखाएको मायाले हजुरआमालाई पश्चाताप पर्दै गएको छ। जीवनमा छोराछोरीलाई मात्र होइन कसैलाई पनि पिट्नु हुँदैन । पहिला पिट्नाले मनमा पिडा बसेको मनखुशी फाउण्डेशन कास्कीका अध्यक्ष कृष्णकुमारी गुरुङले सोमवार शुभकामना कार्यक्रममा वताइन् । कार्यक्रममा म अव जीवन भरी नातिनीलाई कहिले नपिट्ने वचनवद्धता व्यक्त गरिन् गुरुङले। माया नै अनुशासन हो अव कहिल्यै हात नउठाउने भन्दै कार्यक्रममा उपस्थित सबैलाई हजुरहरुले पनि कहिले हात नउठाउन अध्यक्ष गुरुङले अनुरोध गरिन् । यदि हात उठाएमा पछि जीवनभरी आँफैलाई पोल्छ, आफ्नो दिमागलाई पोल्ने कार्य कसैले नगर्न पुनः अध्यक्ष गुरुङले सवैलाई विशेष अनुरोध गरिन् । मनखुशी फाउण्डेशन पोखरा कास्कीले वडादशै, शुभदिपावली एवं छठ पर्वको अवसरमा आयोजित शुभकामना, आदान प्रदान र भेटघाट कार्यक्रममा अध्यक्ष गुरुङले सवैलाई आफ्नो भावना सुनाएकी हुन्। वडा नं १३ का निवर्तमान अध्यक्ष दर्शन लामाले व्यानरमा लेखिएको पढेर उद्घाटन गर्दै मनखुशी फाउण्डेशनले समाजमा गरेका हरेक कार्यक्रम जनतामुखी भएको चर्चा गरे । विपदमा हात थप्ने होइन, हातदिने वानीले मात्र समाज वलियो हुने लामाले विचार राखे । लमजुङ क्व्होलासोथार वडा नं ७ का अध्यक्ष लक्ष्मण गुरुङले सामाजिक कर्यमा सदैव सकरात्मक सोच लिएर अगाडि बढ्नु पर्नेमा जोड दिए। मनखुशी फाउण्डेशन कास्कीकी अध्यक्ष कृष्णकुमारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य पूर्णकुमरी गुरुङले स्वागत र फाउण्डेशनका सचिव रेखा गुरुङ त्रिपाठीले साहित्यमय स्वारमा कार्यक्रम संचालन गरेकि थिइन्।

# समाजसेवी स्व सिद्धि गौचनका योगदानको स्मरण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

जरोटुप्पो संरक्षण साहित्य समाज नेपालद्वारा आयोजित समाजसेवी तथा महिला उद्यमी सिद्धि गौचनको १५औं स्मृति दिवसमा उहाँका योगदानको स्मरण गरिएको छ।

कार्यक्रममा वक्ताहरूले महिला सशक्तीकरणका घरेलु उद्योग, सिलाइबुनाइ, कृषि, शिक्षा, स्वास्थ्य, समाजसेवा, पाककला, साहित्य, सङ्गीतलगायत विविध आयाममा गौचनले पुऱ्याउनुभएको योगदानको स्मरण गरेका हुन्। स्व गौचनका परिवाजनका तर्फबाट जरोटुप्पो संरक्षण सहित्य समाज नेपालले सञ्चालन गर्नेगरी यसअघि तीन लाख ४५ हजार रुपैयाँको अक्षयकोष स्थापना भइसकेको छ । अक्षयकोषको ब्याजबाट समाजले दुई/दुई वर्षमा महिला सशक्तीकरणमा योगदान गर्ने व्यक्ति एवं संस्थालाई सम्मान गर्दै आएको महासचिव असफल गौतमले जानकारी दिनुभयो । सोही समारोहबीच पद्मराज ढकालले लुम्ले कविता पार्क निर्माणका लागि ११ हजार रुपैयाँ आर्थिक सहयोगसमेत प्रदान गर्नुभएको थियो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

**सम्पादकीय**

# ओलीले अघि सारेको मार्गचित्र

जेनजी आन्दोलनपछि बनेको पूर्वप्रधानन्यायाधीस सुशीला कार्की नेतृत्वको सरकारले चुनावको वातावरण बनाउन सकेको छैन । चुनावका लागि सुरक्षाका कारण देखाएर कर्मचारी र सुरक्षाकर्मी तयार देखिदैनन् । राजनीतिक दलहरूलाई विश्वास नलिई चुनावको माहोल बन्दैन । जेनजीका विभिन्न समूहको माग र केहीको दवाबले प्रधानमन्त्री कार्कीको निर्वाचन तयारी प्राथमिकतामा पर्न सकेको छैन।जस्तो आड भरोसामा सरकार बन्यो उनीहरू बाधा उत्पन्न गर्दैछन् । यो गन्जगोल अवस्था धेरै रहनु भन्न अस्थिरता अनिश्चितता हुनु हो । अहिलेको उत्पन्न राजनीतिक तनाव, संसद् सञ्चालनमा देखिएको अवरोध, जेनजी आन्दोलनको प्रभाव तथा सरकार सञ्चालनमा भएको तानातानबीच नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले समाधानका लागि विस्तृत 'मार्गचित्र' प्रस्तुत गरेका छन् ।

उनले आफ्नो प्रस्तावलाई संविधान र लोकतान्त्रिक प्रक्रियालाई पुनः स्थापित गर्ने साझा प्रयासका रूपमा व्याख्या गरेका छन् । ओलीले हालको गतिरोधबाट मुलुकलाई निकास दिन संविधानको मूल मर्मअनुसार निष्पक्ष र व्यावहारिक कदम चाल्न आवश्यक रहेको उल्लेख गर्दै कुल ६ बुँदे योजना अघि सारेको एमाले नेता विष्णु रिजालले सार्वजनिक गरेका छन् । पहिलो चरणमा उनले असंवैधानिक रूपमा भएको प्रतिनिधिसभा विघटनलाई उल्ट्याई पुनः स्थापित गर्नुपर्ने माग राखेका छन्। संविधानले कार्यकार िसहितका सबै शक्ति संसद् र जनताबाट प्राप्त हुने व्यवस्था राखेको भन्दै संसद् विघटनले संविधानको आत्मामा चोट पुगेको उनको तर्क छ। संसद् पुनः स्थापना बिना मुलुक प्रणालीगत बाटोमा नफर्कने उनको विश्वास छ । दोस्रो बुँदामा ओलीले संविधान संशोधन गर्दै संसद् सदस्य नभएको व्यक्तिलाई पनि राष्ट्रिय सहमतिको आधारमा राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्त गर्न सकिने प्रावधान राख्न सुझाव दिएका छन् ।

सुशीला कार्की प्रधानमन्त्री नियुक्त हुनु अघि राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानसेनापति अशोक सिग्देलसँग कामचलाउ प्रधानमन्त्री ओलीको त्यही प्रस्ताव गरेका थिए । उनका अनुसार चुनावी सरकार गठनको अवसरमा दलहरूबीच सहमति भएमा गैरसांसद व्यक्ति पनि कार्यकारी नेतृत्व लिन सक्ने व्यवस्था आजको परिस्थितिमा आवश्यक देखिएको छ । तेस्रो प्रस्तावमा ओलीले आफूलाई प्रधानमन्त्रीबाट हटाएको जेनजी आन्दोलनप्रति सम्मान जनाउँदै वर्तमान तनावलाई थप नफैलिने गरी आफू पुनः प्रधानमन्त्री बन्ने दाबी नगर्ने घोषणा गरेका छन् । उनले देशको स्थायित्व र सहमतिकै आधारमा आफू पछि हट्न तयार रहेको सन्देश दिए। देशलाई थप क्षति हुन नदिन पद ठूलो होइन भन्ने हो । साथै अबको नेतृत्व नयाँमा जाने जनाऊ पनि हो। चौथो चरणमा जेनजीसमेतको सहभागितामा सर्वदलीय वा सर्वपक्षीय सरकार गठनको परिकल्पना उनको मार्गचित्रमा रहेको छ ।

राजनीतिक उद्योगधन्दा, अविश्वास र पद-प्रतिस्पर्धाको माहोल बीच साझा सरकार नै निकास हुने निष्कर्ष उनीहरूको छ । पाँचौं बुँदामा ओलीले यस्तो सहमतिबाट गठन हुने सरकारलाई केवल निर्वाचनमै केन्द्रित गरिने स्पष्ट गरेका छन् । तीन महिनाभित्र नयाँ चुनाव गराई फागुन २१ गते नै नयाँ प्रतिनिधिसभा निर्वाचन सम्भव रहेको उनीहरूले बताएका छन् । निर्वाचन नै जनआवाजको प्रत्यक्ष निर्णय भएकाले यथाशीघ्र नवादेश लिनुपर्ने धारणा ओलीको छ । अन्तिम बुँदामा उनले यी सबै प्रक्रियालाई सुनिश्चित बनाउन प्रमुख राजनीतिक दलहरूबीच अग्रिम सहमति आवश्यक रहेको उल्लेख गरेका छन्। संविधान र लोकतन्त्रलाई पुनः स्वाभाविक मार्गमा फर्काउन सहमतिको ढोका खुला राख्न उनले सबै दललाई आग्रह गरेका छन् ।

ओलीले आफ्ना प्रस्ताव कुनै दलविशेषको जीत-हार वा सत्ता समीकरणको लागि नभई स्थिरता, जनविश्वास र संवैधानिक शासन पुनः स्थापनाका लागि प्रस्तुत गरिएको दाबी गरेका छन् । राजनीतिक संवाद, सहमति र चुनावमार्फत मात्र वर्तमान जटिलतालाई निकास दिन सकिने उनीहरूको निष्कर्ष छ । एमाले अध्यक्षको यो मार्गचित्रलाई मुलुकले कस्तो रूपमा ग्रहण गर्छ, अन्य दलहरूको प्रतिक्रिया कस्तो आउँछ र व्यवहारमा लागू हुने सम्भावना कति देखिन्छ भन्ने पक्षमा अब राष्ट्रिय राजनीति केन्द्रित हुने देखिएको छ । यो प्रस्ताव विदेशी चलखेल कम गर्ने उपाय हो ।

# तारा खेतमा थकाली 'होमस्टे'

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ कार्तिक

म्याग्दीको मङ्गला गाउँपालिका-२ तोराखेतमा थकाली 'होमस्टे' (घरवास) सञ्चालन भएको छ ।

तोराखेतका उद्यमी बिनोद भट्टचनले रत्नतारा बहुउद्देश्यीय कृषि फार्मसँगै पाहुना राख्न र स्थानीय परिकारको स्वाद चखाउन होमस्टे सञ्चालन गर्नुभएको हो । उक्त होमस्टेमा एक दिनमा २० जना पाहुना बास बस्न सक्ने क्षमता रहेको छ ।

सिङ्गा तातोपानी, टोड्के, बाबियाचौर, बरंजा, भौँक्रेपानी, दरवाङ घुम्न आउने पाहुनालाई लक्षित गरेर घरका कोठालाई व्यवस्थित गरेर घरबास सञ्चालन गरेको भट्टचनले बताउनुभयो । "पाहुनालाई कृषि फार्ममा उत्पादन भएको ताजा तरकारी, दूध, दही, माछा, मासु, अण्डा, स्थानीय गौरीया, गुड्रा जातको धानको भात, कोदोको ढिडो, रोटी, तरकारीका परिकारको स्वाद चखाउने गरेका छौं," उहाँले भन्नुभयो "पुरानो घरलाई मर्मत गरेर पाहुना राख्ने कोठाहरु बनाएको छु ।"

यसअघि निर्माण व्यवसायमा सक्रीय भट्टचनको परिवारले जिल्ला सदरमुकाम बेनी बजारको बसाई छाडेर गाउँ फर्किएर होमस्टे चलाएको हो ।

पाहुनाहरुलाई खुवाउन स्थानीय जातका कुखुरा, बाख्रा, भैंसीपालन गर्नुभएको छ । साग र तरकारी पनि फार्मबाटै उत्पादन हुन्छ । एकान्त र शान्त वातावरणमा मौलिक थकाली खानाका परिकारको स्वाद लिन सकिन्छ । तोराखेत गाउँ बेनी बजारदेखि १३ किलोमिटर पश्चिमतर्फ रहेको छ । प्राकृतिक उपचार स्थल सिङ्गा-तातोपानी कुण्डमा स्नान गर्न आउने पाहुनाहरु करिब पाँच किलोमिटर सडकमा सवारी साधनको यात्रापछि थकाली होमस्टेमा पुग्ने गरेका छन् ।

तोराखेत विसं २०६४ अघिसम्म व्यापारिक केन्द्र थियो । बाबियाचौर र दरवाङ सडक सञ्जालमा नजोडिँदासम्म बेनीबाट छुट्ने सवारी साधन तोराखेत पुगेर रोकिन्थे र बेनीतर्फ फर्कन्थे । बेनी आउने र फर्कनेदेखि मालिका, धवलागिरि र तमानखोला गाउँपालिकाका बस्तिहरुमा खाद्यान्न यहीबाट आपुर्ति हुने गर्दथ्यो । विसं २०६४ मा दरवाङ सिधा सडक सञ्जालमा जोडिएपछि ओभेलमा परेको तोराखेतमा थकाली होमस्टेले चहलपहल बढाउन थालेको छ ।

# जन्मदिनमा खाद्यान्न सहयोग र स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक



इन्जिनियर हिमान्शु अर्यालले आश्रममा खाद्यान्न सामाग्री वितरण गरि जन्मदिन मनाएका छन् ।

खुमा अर्याल फाउन्डेसन स्याङजाका संस्थापक परिवारका उनले मंगलबार आफ्नो २३ औ जन्मोत्सव पोखरा महानगरपालिका २५ हेम्जामा रहेको मानव सेवा आश्रममा खाद्यान्न सामग्री वितरण एवम् निशुल्क स्वास्थ्य परिक्षण कार्यक्रम गरि मनाएका हुन । जन्मोत्सवको अवसरमा खुमा अर्याल फाउन्डेसन स्याङ्जाको आयोजना र रोट्र्याक क्लब अफ नक्साल शक्तिको समन्वयमा आयोजित कार्यक्रममा ५० हजार बराबरका चामल, तेल, दाल, चिनी, फलफुल लगायतका खाद्यान्न सामग्री आश्रमलाई प्रदान गरिएको थियो । त्यस्तै गण्डकी मेडिकल कलेजका चिकित्सकको टोलिलेसो आश्रममा रहेका बिरामीहरुको निशुल्क स्वास्थ्य परिक्षण गरेका थिए । सो अवसरमा बोल्दै फाउन्डेसन संस्थापक परिवारकी सदस्य एवम् रोटरी क्लब अफ नक्साल शक्तीकि संस्थापक अध्यक्ष डा.लुना अर्यालले जन्मदिन मनाउदै गर्दा सामाजिक उत्तरदायित्व सम्झेर यसरी मनाउनु सुखद कुरा भएको बताइन ।

हिमान्शुलाई जन्मदिनको शुभकामना व्यक्त गर्दै उनले यसबाट समाजमा सकारात्मक सन्देश प्रवाह हुने बताइन । कार्यक्रममा रोट्र्याक्ट क्लबका सिजन अर्यालले जन्मदिनको शुभकामना व्यक्त गर्दै सहयोगको आवश्यकता औल्याएर यसरी सहयोग गर्नाले मानव कल्याण हुने बताए ।

फाउन्डेसनका अध्यक्ष लेखनाथ शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा इ हिमान्शु अर्यालले धन्यवाद ज्ञापन एवम् कार्यक्रमको संचालन फाउन्डेसनकि सल्लाहकार एवम् सुचना अभियान केन्द्र स्याङ्जाकि अध्यक्ष बन्दना लम्सालले गरेकी थिइन । फाउन्डेसनका संस्थापक परीवारका सदस्य हिमान्शु ब्राइटर युनिभर्सिटी बेलायतबाट सिभिल इन्जिनियरिङमा वर्ष २०२३/२४ का ब्याच टपर समेत हुन ।

# गाइघाटमा झरनामा 'कायाकिङ'

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ कार्तिक

बागलुङको गलकोट र ताराखोलाको सङ्गमस्थलमा रहेको गाइघाट झरनामा कायाकिङको व्यवस्था मिलाइएको हो ।

झरनामा परीक्षण स्वरुप हाल १० वटा कायाकिङ (सानो डुङ्गा) उपलब्ध गराइएको छ । फेवातालमा निकै चर्चा पाएको कायाकिङ सानो आधुनिक डुङ्गा हो । ताराखोला गाउँपालिका-१ मा पर्ने गाइघाट झरना गलकोटतर्फ बगेको ताराखोलामा मिसिदै आएको छ । झरनामा पुग्ने अधिकांश पर्यटकले कायाकिङको मजा लिन थालेका छन् । सडकको स्तरोन्नतिसँगै मध्यपहाडी लोकमार्गका पर्यटकहरु समेत त्यता पुग्न थालेका छन् । बाह्रै महिना सफा पानी बग्ने यो झरनाको सौन्दर्य हरेक याममा एउटै देखिने गर्दछ । झरना खसेको तालमा कायाकिङको व्यवस्था गरेपछि झरना हेर्न पुगेका पर्यटकलाई थप मनोरञ्जन दिन थालेको छ ।

दसैँदेखि गाइघाट झरनामा कायाकिङको परीक्षण भइरहेको आधिबेरी एडभेञ्चरका सञ्चालक प्रकाश सुनुवार बताउनुहुन्छ । गलकोट नगरपालिका-६ निवासी सुवार साहसिक पर्यटनको क्षेत्रमा गाउँमै लगानी गर्नका लागि तत्पर भएको बताउनुहुन्छ । उहाँले ताराखोलाको गाइघाट क्षेत्रमा साहसिक पर्यटनको केन्द्र स्थापना गर्ने उद्देश्यले लगानी गर्न थालेको बताउनुभयो । आधिबेरी एडभेञ्चरबाट गाइघाट झरना भन्दामाथि भुतेको गल्छीमा कायाकिङ गर्ने र रक कलाइम्बिङ गर्ने उद्देश्य राखिएपनि परीक्षणका लागि गाइघाट झरनामा कायाकिङ थालिएको सुनुवार बताउनुहुन्छ । "गाउँपालिकाबाट अध्ययनका लागि अनुमति मागिएको छ, खोलामाथिको डुङ्गा खोपेर हिड्ने र त्यहाँ पुगेर कायाकिङको आनन्द लिने गरी अध्ययन भइरहेको छ", सुनुवारले भन्नुभयो "साहसिक पर्यटनको ताराखोला गाउँपालिका-१ स्थित ताराखोला नदीको खोँच निकै सम्भावना युक्त स्थान देखियो, सुरुवाती चरणमा रु चार करोडसम्मको लागतमा डुङ्गाको पहाडमा चढ्ने, भुतेको गल्छी र गाइघाट झरनामा कायाकिङ गर्ने लगयातका साहसिक पर्यटनको क्षेत्रमा काम गर्ने योजना छ ।" दसैँमा झरनाको तालमा थालिएको कायाकिङको राम्रो प्रचार भइरहेको उहाँको अनुभव रहेको छ । उहाँलाई साहसिक पर्यटनमा लगानी गर्नका लागि कायाकिङमा देखिएको आकर्षणले हौसाएको बताउनुभयो । अध्ययन पश्चात खोँचमा रहेको पहरामा रड गाडेर हिँड्न सक्नेगरी साहसिक पर्यटनको काम अनौठो हुने सुनुवारको भनाइ छ । गाइघाट झरनालाई ताराखोला गाउँपालिकाले पूर्वाधार निर्माण, झरनामा पुग्ने पुल निर्माण, झरना वरपरका क्षेत्रमा सोलार बत्तीसमेत जडान गरिएको छ । अहिले झरनाको तालमा कायाकिङ गरेको एक घण्टाको रु ५०० लिइँदै आइएको छ । गलकोटका स्थानीय महेशकुमार श्रेष्ठले गाइघाट झरनामा परिवर्तन भइरहको बताउनुभयो । पूर्वाधार निर्माणसँगै कायाकिङले पर्यटकलाई थप आकर्षित गर्दै आएको उहाँले बताउनुभयो ।

# दाङखोलामा अलपत्र पुल बनाउन दबाब

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ कार्तिक

दाङखोलामा ठेक्का सम्झौता भएको छ वर्षसम्म पनि निर्माण सुरु नभएको पुल बनाउन सरोकार भएका निकायका प्रतिनिधिले दबाब दिएका छन् ।

दरवाङ-दाङखोला-धारापानी-ताकम-मुना-लुलाङ-गुर्जा सडकअन्तर्गत मालिका गाउँपालिका-५ र धवलागिरि गाउँपालिका-७ को सिमानामा पर्ने दाङखोलामा मोटरेबल निर्माणका लागि पूर्वाधार विकास कार्यालय म्याग्दी र इन्द्रेणी-फेवा जेभी पोखराबीच विसं २०७६ जेठ २२ गते रु एक करोड ९३ लाख २ ९ हजार ४५७ मा ठेक्का सम्झौता भएको थियो । विसं २०७७ जेठ २० गते सम्पन्न गर्ने लक्ष्य राखिएको १८ मिटर लामो मोटरेबल पुल निर्माण सुरु गर्ने तयारी भएको बेला दरवाङ म्याग्दीखोला जलविद्युत् आयोजनाको बाँधका कारण दाङखोला डुबान क्षेत्रमा पर्ने हुँदा प्रस्ताव गरिएको भन्दा दुई सय मिटर माथि पुल बनाउन प्रदेश सरकारलाई आग्रह गर्ने र सरकारी निकायबाट पुल नबनेको अवस्थामा आयोजनाले बनाउने सहमति भएको थियो ।

जलविद्युत् आयोजनाले समयमा काम गर्न नदिएको, बाँधका कारण समस्या भएकोलगायत कारण देखाएर निर्माण व्यवसायी अदालत जाँदा पुल निर्माण सुरु हुन नसकेको गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले बताउनुभयो । आयोजनाले सहमतिअनुसार पुल निर्माण गर्नुपर्नेमा नगरेको उहाँको भनाइ छ । विसं २०७५ मा दाङखोलामा धवलागिरि गाउँपालिकाले निर्माण गरेको अस्थायी मोटरेबल पुल जीर्ण भएको हुनुका साथै नयाँ पुल निर्माण नहुँदा गुर्जा, लुलाङ, मुना, मुदी, ताकमका बासिन्दालाई आवतजावत गर्न समस्या भएको छ । दाङखोलामा पुल नबनेको विषयमा मौखिक रूपमा गरिएको आग्रह तथा धवलागिरि-७ कार्यालयबाट गत चैत २१ गते भएको पत्राचारको विषयमा जलविद्युत् आयोजनाले सुनुवाइ नगरेपछि सरोकार भएकाहरूको मङ्गलबार फेदीमा बसेको बैठकले दबाबमूलक कार्यक्रम गर्ने निर्णय गरेको जुग्जालीले जानकारी दिनुभयो । उहाँका अनुसार सर्वपक्षीय, सर्वदलीय बैठकको निर्णय कार्यान्वयनका लागि मङ्गलबार मालिका गाउँपालिकाको दुखुस्थित दरवाङ म्याग्दीखोला जलविद्युत् आयोजनाको कार्यालयमा जानकारी गराएको छ । धवलागिरि कालिका हाइड्रोका निर्देशक तेजेन्द्र रोकाले दाङखोलाबाट हाल बाँध निर्माणस्थल इल्पुमा सारिएको जनाउँदै मोटरेबल पुलको विषयमा आफू नयाँ सञ्चालक भएकाले पुरानो सहमतिको विषयमा जानकार नभएको प्रतिक्रिया दिनुभयो ।

# पर्वतमा आठ प्रजातिका धानबालीको अनुसन्धान

**पोखरापत्र संवाददाता**
पर्वत, १२ कार्तिक

यस वर्ष यहाँ खेती गरिएकामध्ये आठ प्रजातिको धानबालीको मूल बीउ अनुसन्धान गरिएको छ । कुन स्थानमा कुन प्रजातिको धानखेती गर्दा प्रशस्त उत्पादन हुन्छ भन्ने पत्ता लगाउन अनुसन्धान गरिएको हो ।

राष्ट्रिय धान बाली अनुसन्धान केन्द्रले फलेवास नगरपालिकाका विभिन्न क्षेत्रमा लगाइएको आठ जातका धानमाथि अनुसन्धान गरेको हो । फलेवास नगरपालिका-६ देवीस्थानमा रहेको शक्ति कृषि तथा पशुपन्छी फर्म र नमूना कृषि सहकारीको सहकार्यमा धानका स्थानीय आठ जातको धानको मूल बीउ उत्पादन गरिएको छ ।

पोखरेली जेठोबुढो, रामधान चैते पाँच, हर्दिनाथ, सुक्खा धान, स्थानीय धानको बीउ उत्पादन गरिरहेको छ । अहिले राष्ट्रिय धान अनुसन्धान कार्यलयको सहयोगमा आइआर १६, एल ७०४ र आइआर १६, ए ३७०८, आइआर २२८ एल, आइआर १३/२०८४, यसमिआइएन ३६८ नयाँ प्रजातिको धानको मूल बीउ अनुसन्धान गरिएको हो । यसैबीच, कृषि प्राविधिकमार्फत धानको बीउ परीक्षणपछि बीउ गरिने अर्जुन श्रेष्ठले बताउनुभयो । धानको बीउ तथा अन्य अन्नबालीको बीउ बिक्रीमा फलेवास नगरपालिकाले सहयोग गर्दै आएको उहाँले बताउनुभयो ।

गत वर्ष यस क्षेत्रको धानको बीउ फलेवास नगरपालिका, जैमिनी नगरपालिका, बागलुङ नगरपालिका, कृषि विकास मन्त्रालय गण्डकी प्रदेश, कृषि ज्ञान केन्द्र पर्वतलगायतका सरकारी निकायमा रु आठ लाख बराबरको बिक्री भएको थियो ।

बर्सेनि तापक्रममा भएको वृद्धि, जलवायु परिवर्तन, सिँचाइको अभाव, बाँदर आतङ्कजस्ता कारणले कृषकहरूको धानतर्फको आकर्षण घट्दै गएका बेला केन्द्रले निश्चित प्रजाति पहिचान गरेर सिफारिस गरेपछि धानखेतीतर्फ आकर्षण बढ्ने विश्वास फलेवास नगरपालिकाकी उपप्रमुख शोभा क्षेत्रीले गर्नुभएको छ ।

केन्द्रले यसअघि गत हिउँदमा फलेवास नगर पालिका ६ देवीस्थानका १२ जना किसानको खेतमा गहुँबालीको पनि अनुसन्धान गरेको थियो ।

# महिला फुटबल नेपालसँग भारत पराजित

**रासस**
काठमाडौं, १२ कार्तिक

मैत्रीपूर्ण महिला फुटबल खेलमा नेपालले भारतलाई टाइब्रेकरमा पराजित गरेको छ ।

भारतको सिक्किमस्थित पाल्जोर रङ्गशालामा आज सम्पन्न खेलमा नेपालले घरेलु टोली भारतलाई टाइब्रेकरमा ३-० ले हराएको हो । टाइब्रेकरमा नेपालका सविता रानामगर, रश्मिकुमारी घिसिङ र निशा थोकरले गोल गरेपछि नेपाल विजयी भयो । नेपालका गोलकिपर अञ्जना रानामगरले भारतको पहिलो र तेस्रो पेनाल्टी सजिलै रोकिन् । दोस्रो पेनाल्टी भने बाहिरिएको थियो । त्यसअघि दुवै टोलीले खेलको निर्धारित ९० मिनेटको खेल १-१ को बराबरीमा खेलेका थिए ।

खेलको निर्धारित समय बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा पुगेको थियो । खेलमा दुवै गोल पहिलो हाफमा भएको थियो । खेलको ३०औँ मिनेटमा भारतकी सौम्या गुगुलोथले गोल गरिन् । त्यसपछि खेलको पहिलो हाफको अतिरिक्त समयमा नेपालकी अनिता बस्नेतले बराबरी गोल फर्काएकी थिइन् ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाव | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# डेढ वर्षदेखि अलपत्र कुश्मा बसपार्क सञ्चालनको तयारीमा

**रासस**
पर्वत, १२ कार्तिक

निर्माण सम्पन्न भएको डेढ वर्षपछि जिल्ला सदरमुकाम कुश्मा बजारको बान्द्रेबिडीमा रहेको बसपार्क सञ्चालन गर्ने तयारी भएको छ । मङ्गलबार कुश्मा नगरपालिकाको कार्यालयमा भएको सर्वपक्षीय छलफलमा यही कात्तिक १४ गते शुक्रबारदेखि नियमित रूपमा बसपार्क सञ्चालन गर्ने निर्णय भएको हो ।

जनप्रतिनिधि, यातायात व्यावसायी र सरोकार भएका निकायका प्रतिनिधिबीचको छलफलले अहिले शिवालयचोक क्षेत्रमा रहेका सबै यातायात कम्पनीका टिकट काउण्टर कात्तिक १४ गते १:०० बजेभित्र बसपार्कमा रहेको टर्मिनल भवनमा सार्ने निर्णय भएको बसपार्क सञ्चालक दीपक पुनले जानकारी दिनुभयो । उहाँका अनुसार बसपार्कबाट छुट्ने सबै यातायात प्रालिका सवारी साधनमध्ये ट्याक्सीको हकमा दुई-दुई र अन्यको हकमा एक-एकवटा यात्रु चढाउनका लागि शिवालयचोकमा प्रतीक्षालय राख्न पाइने, लामो दूरीमा आवतजावत गर्ने सवार साधनले शिवालयचोकमा यात्रु भर्ना र चढाउन पाउने,



राजमार्गको छेउछाउ वा बजार क्षेत्रमा अव्यवस्थित पार्किङ गरेर राखेका सवारीसाधन बसपार्कभित्रै राख्नुपर्ने निर्णय पनि छलफलले गरेको छ । बसपार्क सञ्चालनका लागि कुश्मा नगरपालिकाले गत साउन २९ गते रु ११ लाख १९ हजार २५२ मा बोलपत्र आह्वान गरेको थियो । उक्त बोलपत्र युवा व्यवसायी पुनको नाममा स्वीकृत भएपछि सञ्चालन प्रक्रिया अघि बढेको हो । योसँगै यहाँबाट नियमित रूपमा जिल्लाभित्र र बाहिर जाने सवारीसाधन छुट्ने व्यवस्था मिलाइएको सञ्चालक पुनले बताउनुभयो । यसले यात्रुलाई कुन ठाउँमा सवार साधनको प्रतीक्षा गर्ने भन्ने झन्झट हटेर जाने, अव्यवस्थित रूपमा हुँदै आएको पार्किङको समस्या समाधान हुने तथा दुर्घटना न्यूनीकरणमा समेत सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । पुनले बसपार्क सञ्चालनका लागि रङरोगन, विद्युतीकरणलगायत सबै तयारी पूरा भएको जानकारी दिनुभयो । निर्माण सम्पन्न भएर पनि बसपार्क सञ्चालन नहुँदा निर्मित संरचना जीर्ण बन्नसक्ने, अव्यवस्थित पार्किङले सवारी दुर्घटना बढ्दै जाने, यात्रुले सुरक्षित रूपमा सवारीसाधन प्रयोग गर्न नपाउनेलगायत समस्या बढ्दै गएपछि समाधानका लागि सञ्चालनको तयारी थालिएको उहाँको भनाइ छ। यसअघि कुश्माको शिवालयचोक र मध्यपहाडी लोकमार्गमा अव्यवस्थित रूपमा सवारीसाधन पार्किङ गरेर राख्ने गरिएको जनाउँदै पुनले अब उक्त समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो । भवनसहित बसपार्कको संरचना अघिल्लो असारमा निर्माण गरेर गत वर्षको कात्तिकमा सघन सहरी तथा भवन निर्माण आयोजनाकार्यालयबागलुङलेकुश्मा नगरपालिकालाई हस्तान्तरण गरेको थियो । नगरपालिकाको आन्तरिक तयारीका कारण सञ्चालन गर्न समय लागेको नगरप्रमुख रामचन्द्र जोशीले बताउनुभयो । उहाँले दुईतले भवनसहित टिकट काउन्टर, यात्रु प्रतीक्षालय, शौचालय र व्यावसायिक प्रयोजनका लागि छवटा सटरसहितको कोठा निर्माण गरिएको जानकारी दिनुभयो । जिल्ला ट्राफिक प्रहरी प्रमुख बलबहादुर गुरुङले बसपार्क सञ्चालनमा आएपछि अव्यवस्थित पार्किङको समस्या अन्त्य हुनुका साथै सवारी दुर्घटना न्यूनीकरण हुने बताउनुभयो । उहाँका अनुसार रु छ करोड ६६ लाख तीन हजार २५० को लागतमा बनेको बसपार्क हाताभित्र दुई ठाउँमा सवारीसाधन पार्किङको व्यवस्था मिलाइएको छ । पर्वत सदरमुकाम कुश्मा बजारबाट दैनिक काठमाडौँ, पोखरा, सुनौली, विराटनगर, नेपालगञ्ज, भैरहवा, काँकरभिट्टालगायत सहरमा सार्वजनिक सवारीसाधन छुट्ने गर्छन् भने दैनिक हजारौँको सङ्ख्यामा सवारीसाधन बागलुङ, रुकुम, म्याग्दी, मुस्ताङका लागि कुश्मा हुँदै जाने गर्दछन् । यसअघि जिल्लामा भित्रिएका र बास बस्नुपर्ने सवारीसाधन असुरक्षित ढङ्गले सडकमा पार्किङ गर्दै आइएको थियो ।

# मित्रलाल पंज्ञानीको 'युगान्तर' महाकाव्यको परिचर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

'गण्डकी साहित्य सङ्गम', पोखराको आयोजनामा सोमबार प्रगतिवादी कवि मित्रलाल पंज्ञानीको महाकाव्य 'युगान्तर'को परिचर्चा कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा समीक्षकद्वय प्राज्ञ डा. कृष्णराज अधिकारी र रामराज रेग्मीले 'युगान्तर' महाकाव्य जनबोलीको भाषामा लोकलयको प्रयोग गरी लेखिएको प्रगतिवादी विचार प्रवाहित कृति भएको उल्लेख गर्नुभयो । उहाँहरुले उक्त महाकाव्य विज्ञानसम्मत विचारले ओतप्रोत रहेको बताउनुभयो । सङ्गमका सल्लाहकार प्रा. रघुनाथ अधिकारी, प्रलेस गण्डकीका अध्यक्ष प्रा.डा. यदुनन्दन उपाध्याय, मार्क्सवादी अध्ययन स्रोत केन्द्र पोखराका अध्यक्ष झलकपाणि तिवारी, बुद्धिजीवी केशबहादुर परियार लगायतले महाकाव्यका बारेमा संक्षिप्त चर्चाका साथ शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो भने महाकाव्यकार पंज्ञानीले सुन्दर तथा सभ्य समाज निर्माणका लागि आफूले यो कृति सिर्जना गरेको बताउनुभयो । कार्यक्रममा कविहरु नुमराज बराल, चिन्तु गिरी, विजया सुवेदी र सुरज उपाध्यायले



महाकाव्यका केही श्लोकहरु गीती लयमा वाचन गर्नुभएको थियो भने सङ्गम सांस्कृतिक मञ्चका कलाकारहरु काजी गाउँले र विकास लुङ्गेलीले केही श्लोकहरुमा सङ्गीत भरेर गाउनुभएको थियो ।

कार्यक्रममा कवि तथा लेखकहरु प्राध्यापक गेहेन्द्रेश्वर कोइराला, यादवचन्द्र भुर्तेल, प्रा.डा. जगन्नाथ रेग्मी, नारायण परिश्रमी, विद्याविमल बराल, लक्ष्मण थापा, अम्बिका भण्डारी, हिमालयजङ्ग बानियाँ, धनबहादुर नेपाली, लक्ष्मण गौतम, लोचना अधिकारी, शोभा लामिछाने, गोमा पौडेल, कल्पना चिलुवाल, राधिका कँडेल, निर्मल सापकोटा, माधवप्रसाद मिश्र, धनप्रसाद तामाङ, रामचन्द्र आचार्य, हिमलाल श्रेष्ठ, रामजी थापा, शालिकराम देवकोटा, ढाकामोहन बराल, दुर्गाबहादुर शाह 'बाबा' रुपिन्द्र प्रभावी 'कटु', रुद्रबहादुर थापा, यामबहादुर सुर्खाली, टीकाराम वाग्ले, राजु क्षेत्री, नारायण अधिकारी, राजेन्द्र पौडेल, श्याम कुँवर, छवि सुवेदी 'विजयी' तेजबहादुर गुरुङ, कृष्ण के.सी., मातृका अधिकारी, भीमबहादुर श्रीस, बुद्धिमान तामाङलगायत ७३ जनाको उपस्थिति रहेको थियो । सङ्गमका अध्यक्ष भीम रानाभाटको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत उपाध्यक्ष पद्मराज ढकालले गर्नुभएको थियो भने सञ्चालन प्राज्ञ नारायण मरासिनीले गर्नुभएको थियो ।

# मुक्तिनाथ मन्दिर परिसरको हिउँ पन्छाइयो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १२ कार्तिक

सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्म हेडक्वाटर मुस्ताङका सुरक्षाकर्मीद्वारा बुधबार बिहान मुक्तिनाथ मन्दिरको हिउँ पन्छ्याएको छ । मुक्तिनाथ विकास समितिका कोषाध्यक्ष प्रमेश गुरुङको उपस्थितिमा सशस्त्र प्रहरीले मुक्तिनाथ मन्दिरको हिउँ पन्छ्याइएको हो ।

मङ्गलबार बिहानदेखि मुक्तिनाथक्षेत्रमा भारी हिमपात भएको थियो । हिमपातका कारण मुक्तिनाथ मन्दिर पुरै हिउँले ढाकिएको थियो । बाक्लो हिउँ परेका कारण मुक्तिनाथ परसर तथा परिसरका अवस्थित दुई वटा स्नानकुण्डसमेत हिउँले ढाकिएको थियो । यसैगरी भक्तजनले सेचन गर्ने १०८ धारा आसपाससमेत बाक्लो हिउँ जमेका कारण भक्तजनलाई नुहाउन कठिनाई उत्पन्न भएको थियो । मुक्तिनाथ क्षेत्रमा मंगलबार दिनभर बाक्लो हिउँ परेको थियो । हिमपातका कारण मुक्तिनाथ बसपार्कदेखि मुक्तिनाथ



मन्दिरसम्मको पैदलमार्गमा बाक्लो हिउँ जमेको थियो । पैदलमार्गमा हिउँ जमेपछि मुक्तिनाथ दर्शन गर्न जाने दर्शनार्थी समस्यामा परेका थिए । बुधबार मौसम खुलेसँगै सशस्त्र प्रहरी निरीक्षक सुरज श्रेष्ठको कमाण्डमा गएको ११ जना सशस्त्र प्रहरीको टोलीले मुक्तिनाथ मन्दिर परिसर र मुक्तिनाथ जाने पैदलमार्गमा जमेको हिउँ पन्छ्याएको सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्म हेडक्वाटरका सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिनुभयो । मुक्तिनाथ विकास समितिका प्रतिनिधि प्रमेश गुरुङको उपस्थितिमा सशस्त्र प्रहरी टोली घरेलु उपकरण कुटो,कोदालो, साबेल प्रयोग गरी मुक्तिनाथ क्षेत्रको हिउँ पन्छ्याएको सशस्त्र प्रहरी नायब उपरीक्षक गिरीको भनाइ छ । मुक्तिनाथ मन्दिर परिसर र मुक्तिनाथ जाने करिव दुई किलोमिटर पैदलमार्गमा जमेको हिउँ सशस्त्र प्रहरीद्वारा पन्छ्याइएपछि मुक्तिनाथ दर्शन गर्न जाने दर्शनार्थीलाई निकै सजिलो भएको बारागुङ-१ वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिनुभयो । यहाँ परेको हिमपातका मुक्तिनाथ जाने दर्शनार्थीलाई आउजाउ गर्नमा निकै गारो थियो, चिप्लिने, लड्ने र दुर्घटना हुने जोखिम थियो, 'वडाध्यक्ष गुरुङले भन्नुभयो, 'यहाँ हिउँ पन्छ्याइपछि भक्तजनलाई हुने दुर्घटनाको जोखिम हटेको छ । यसैगरी सशस्त्र प्रहरी बल नेपाल ३३ हेडक्वाटर मुस्ताङले मुक्तिनाथमा दर्शन गर्न जाने दर्शनार्थीलाई लक्षित गरी एकदिने हाईअल्टिच्युड प्राथमिक स्वास्थ्य हेल्थ डेस्क राखेको छ । हिमपातसँगै चिसो ह्वात्तै बढेका कारण मुक्तिनाथ आएका दर्शनार्थीलाई हाइअल्टिच्युडको सम्भावना रहने भएकाले स्वास्थ्य परीक्षणका लागि हेल्थ डेस्क राखिएको सशस्त्र प्रहरीले जनाएको छ । मुक्तिनाथको तल्लो गेटमा सशस्त्र प्रहरीले स्वास्थ्य परीक्षणका लागि एकदिने हेल्थ डेस्क राखेको छ ।

# पञ्चकोट पुग्ने छोटो सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, १२ कार्तिक

बागलुङको पर्यटकीय गन्तव्यका रुपमा परिचित पञ्चकोट जाने छोटो सडक कालोपत्र गरिएको छ । पाँच कोटको सङ्गम स्थललाई धार्मिक पर्यटकीय केन्द्रका रुपमा विकास भएपछि त्यहाँ पुग्ने सडकलाई पक्की बनाउन थालिएको छ ।

सङ्घीय सरकार र बागलुङ नगरपालिकाको समपुरक अनुदानमा मुक्तिनाथ बाबा परिक्रमा सडक २०८१ असारदेखि स्तरोन्नति थालिएको थियो । अहिले उक्त सडकमा धमाधम कालोपत्र भइरहेको छ ।

मुक्तिनाथ बाबा कमलनयन आचार्यको सङ्कल्पमा निर्माण भएको बागलुङ नगरपालिका-६ स्थित सर्वसिद्धिधाम पञ्चकोट पुग्ने सडकको करिब चार किमि सडक कालोपत्र भइरहेको छ । विसं २०६० मा ट्र्याक खोलिएको उक्त सडक २२ वर्षपछि कालोपत्र थालिएको हो । रु आठ करोड ६७ लाख ३६ हजारमा बागलुङ नगरपालिका-६ स्थित वडा कार्यालयदेखि भीरलाखुरी हुँदै पञ्चकोट पुग्ने सडक स्तरोन्नतिसँगै कालोपत्रका लागि ठेक्का सम्झौता भएको थियो । अहिले प्रिमिक्स प्रविधिद्वारा कालोपत्रको काम भइरहेको बागलुङ नगरपालिकाका इन्जिनियर सोविन घर्तीले जानकारी दिनुभयो । पञ्चकोट पुग्ने छोटो र स्तरीय सडकको निर्माण गरिएको उक्त सडकले धार्मिक पर्यटकलाई सहज बनाउने छ । झण्डै चार किमि लम्बाइ र पाँच दशमलव पाँच मिटर चौडाइ सडक कालोपत्र गरिएको छ । रु १० करोड लागतको डिपीआर निर्माण गरी सङ्घीय सरकारको समपुरकमा बजेट माग गरेकामा अहिले सङ्घीय सरकार र स्थानीय बागलुङ नगरपालिकाको ५०/५० प्रतिशत लगानीमा उक्त सडक निर्माण भइरहेको हो । अहिले उक्त सडकको ७६ प्रतिशत भौतिक तथा ७२ प्रतिशत आर्थिक प्रगति भएको इञ्जिनियर सोविन घर्तीले जानकारी दिनुभयो । बागलुङ नगरपालिका-६ स्थित पञ्चकोटमा पुग्ने भारतीय तथा आन्तरिक पर्यटकलाई सडकले सहज बनाउने वडा अध्यक्ष रुद्रबहादुर केसीले जानकारी दिनुभयो । उहाँले पञ्चकोट पुग्ने मुक्तिनाथ बाबा सडक परिक्रमाले दुई किमि सडक छोटो हुने बताउनुभयो । मुक्तिनाथ बाबाको परिकल्पनामा निर्माण भएको पञ्चकोटलाई दुईवटा सडकले परिक्रमा गराउने उद्देश्यले उक्त सडक स्तरोन्नति गरिएको बताउनुभयो ।

# राहदानी सेवा ५१ दिनपछि सञ्चालन

**पोखरापत्र संवाददाता**
दमौली, १२ कार्तिक

गत भदौमा जेनजीद्वारा गरिएको प्रदर्शनका क्रममा आगजनी र तोडफोडबाट क्षतिग्रस्त भएको जिल्ला प्रशासन कार्यालयको राहदानी सेवा ५१ दिनपछि सञ्चालनमा आएको छ ।

जेनजी प्रदर्शनपश्चात् कार्यालय भवन तोडफोड र आगजनीबाट पूर्ण रूपमा क्षति भएपछि रोकिएको सेवा आजदेखि सञ्चालनमा आएको हो । सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले ५१ दिनपछि आजदेखि राहदानीको काम सुरु भएको जानकारी दिनुभयो । दसैं अगाडि छापिएर आएका राहदानी वितरण गरिएपनि नयाँ विवरण दर्ताको काम भने आजदेखि सुरु भएको उहाँले बताउनुभयो। सहायक प्रजिअ रेग्मीका अनुसार आज ४० जनालाई सेवाका लागि कोटा निर्धारण गरिएको छ । यसअगाडि दुई वटा स्टेसन रहेकामा अहिले एउटा स्टेसनबाट सेवा प्रवाह थालिएको छ । उहाँले भन्नुभयो, "दुई वटा स्टेसन हुँदा दैनिक ८० जनालाई सेवा दिन सक्थ्यौं, अहिले एउटा मात्र सञ्चालनमा आएकाले सेवाग्राहीको सङ्ख्या कम थरि ।एको हो ।" यससँगै कार्यालयबाट साविकका सबै काम सुरु भएका सहायक प्रजिअ रेग्मीले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ३ नदिपुर स्थित हिमालयन सिद्ध महायोग ध्यान साधना केन्द्र निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : हिमालयन सिद्ध महायोग ध्यान साधना केन्द्र
उपभोक्ता समितिको नाम : हिमालयन सिद्ध महायोग ध्यान साधना केन्द्र, पोखरा-३, कास्की
योजना सम्झौता मिति : २०८२/०५/११
योजना सुरु मिति : २०८२/०५/१२
योजना सम्पन्न हुने मिति : २०८२/०६/३१
महानगरपालिकाबाट : रु. १५,००,०००/-
जनसहभागिता : रु. १,६८,०००/-
योजनाको कुल लागत : १६,६८,०००/-
सदस्य संख्या: ९ जना, महिला : ४ जना

**विष्णु प्रसाद शर्मा**
**अध्यक्ष**
**हिमालयन सिद्ध महायोग ध्यान साधना केन्द्र**
**पोखरा-३, कास्की**


# किसानलाई उत्पादनमा आधारित अनुदान

**पोखरापत्र संवाददाता**
गोरखा, १२ कार्तिक

जिल्लाको गण्डकी गाउँपालिकाले कृषि अनुदानको उचित व्यवस्थापन गर्न 'उत्पादनमा आधारित अनुदान' कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

पालिकाले आर्थिक वर्ष २०८०/८१ बाट उक्त कार्यक्रम लागू गरेको थियो । कार्यक्रमलाई थप व्यवस्थित बनाउन पालिकाले हाल उत्पादनमा आधारित अनुदान व्यवस्थापन सफ्टवेयर सञ्चालनमा ल्याएको छ । सफ्टवेयरमार्फत कृषकले दैनिक रूपमा बिक्रीवितरण गर्ने कृषि सामग्रीको परिमाण अद्यावधिक गरिने पालिकाको प्रमुख प्रशासकीय अधिकृत भुवन चापागाईले बताउनुभयो । उहाँका अनुसार कृषि सफ्टवेयरबाट दैनिक रूपमा कुन किसानले कति परिमाणको कृषि सामग्री बिक्रीवितरण गर्यो भन्ने तथ्याङ्क राख्न सकिन्छ । सोही तथ्याङ्कका आधारमा अनुदान वितरण गर्न उत्पादनमा आधारित अनुदान व्यवस्थापन सफ्टवेयर सञ्चालनमा ल्याएको उहाँले जानकारी दिनुभयो । यसअघि हामीले म्यानुअल रूपमा तथ्याङ्क सङ्कलन गर्ने गर्थ्यौं । सङ्कलित तथ्याङ्क वडा हुँदै पालिकासम्म आउथ्यो अनि त्यसलाई फेरि कम्प्युटरमा इन्ट्रीगर कसले कति कृषि सामग्री सङ्कलन गर्यो, कति अनुदान पाउने भन्नी हिसाब निकाल्नु पर्थ्यो", उहाँले भन्नुभयो, "पहिलाको अनुदान प्रक्रिया लामो र झन्झटिलो भएकाले सफ्टवेयर सञ्चालनमा ल्याएका हौं । सफ्टवेयरले अनुदान कार्यक्रममा सूचीकृत कृषकले दैनिक रूपमा कुन कृषि सामग्री, कति परिमाणमा बिक्री गरे भन्ने हिसाब राख्छ ।" कृषकले पालिकाबाट सूचीकृत कृषि सहकारीबाट मात्रै कृषि सामग्री बिक्री वितरण गर्नुपर्ने पालिकाको प्रमुख प्रशासकीय अधिकृत चापागाईं बताउँनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "यस कार्यक्रमका लागि हामीले छुट्टै कार्यविधि नै बनाएका छौं । कार्यविधिअनुसार सूचीकृत कृषकले कृषि सहकारीमार्फत आफ्नो कृषि सामग्री बिक्री गर्छ । सहकारीले कुन किसानले कति परिमाणको कृषि सामग्री बिक्री गर्यो भन्ने हिसाब राखेर पालिकाको सफ्टवेयरमा इन्ट्री गर्छ ।" कृषि सामग्रीको परिमाणका आधारमा एककिलो बराबर निश्चित रकम अनुदान दिने उहाँले बताएका छन् । "जुन कुनै जातको तरकारीमा केजीको दुई रूपैयाँ, फलफूलअन्तर्गत सुन्तलामा केजीको चार रूपैयाँ, खाद्यान्न बालीअन्तर्गत कोदोमा केजीको पाँच रूपैयाँ, अण्डा प्रतिक्रेट पाँच रूपैयाँ र मासुमा प्रतिकेजी रु १० अनुदान दिने प्रावधान छ", उहाँले भन्नुभयो । उत्पादनमा आधारित अनुदान कार्यक्रममा पालिकाभित्रका एक हजार बढी कृषक आबद्ध रहेको उहाँले जनाकारी दिनुभयो । गत वर्षमात्र यही कार्यक्रममार्फत केही किसानले डेढ लाखसम्म अनुदान पाएको पालिकाको प्रमुख प्रशासकीय अधिकृत भुवन चापागाईंको भनाइ छ । यसअघि सञ्चालनमा आएका कृषि अनुदान कार्यक्रम लक्षित वर्गसम्म नपुगेका र ती कार्यक्रमको उचित व्यवस्थापन नहुँदा अनुदानको दुरूपयोग भएकाले उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम सञ्चालन गरेको गण्डकी गाउँपालिकाले जनाएको छ ।